# लम्कीचुहा नगरपालिका
## आठौं नगरसभा अधिवेशन
## २०७८ असार १०
## आर्थिक वर्ष२०७८।०७९ को बजेट वक्तव्य

लम्कीचुहा नगरपालिकाको **आठौं** नगरसभा अधिवेशनका सभाध्यक्षज्यू, सभामा उपस्थित नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, नगरसभाका सचिव लगायत लम्कीचुहा नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु सबैभन्दा पहिला म यहाँहरु सबैलाई हार्दिक स्वागतका साथ अभिवादन व्यक्त गर्दछु । साथैराज्य व्यवस्था परिवर्तनको आन्दोलनहरुमा सामाजिक परिवर्तनका निमित्त वीरगति प्राप्त गर्नुहुने र विश्वव्यापी महामारीको रुपमा देखिएको कोराना भाईरस कोभिड १९ का कारण अकालमा ज्यान गुमाउनु हुने व्यक्तिहरु एवम् सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु ।

**सम्माननीय सभाध्यक्षज्यू,**

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको स्वशासनको चाहनाका पृष्ठभूमिमा विगत कालखण्डका विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको उदय भई नेपालको संविधानाट संघीय संरचनाको स्वरुपको शासन व्यवस्थाको सुनिश्चिता भएको यस सन्दर्भमा स्थानीय तहको निर्वाचनबाट स्थानीय तहमा अधिकार, जिम्मेवारी तथा स्रोत साधन सम्पन्न स्थानीय सरकारको गठन पश्चात जनताका अधिकारको रक्षाका निमित्त हाम्रोतीन वर्षे यात्राले विकास निर्माणका गतिविधिहरु संचालन गर्दै जाँदा त्यसको अनुभूत मात्र प्राप्त भएको छ । यस परिप्रेक्ष्यमा एकातिर स्थानीय तहमा जनताको चाहना अनुसार जनताकै घरदैलोमा स्थानीय स्तरमा जनतालाई सेवा सुविधा पुगाउनुपर्ने तथा अर्कोतर्फ आर्थिक, सामाजिक, भौतिक लगायतका क्षेत्रको उन्नती गर्दै सामाजिक परिवर्तनको बाटोलाई सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नु पर्ने व्यापक जिम्मेवारी स्थानीय सरकारका सामु खडा छ । यी र यस्तै जिम्मेवारी वहनको सुरुवाती अवस्थामा लम्कीचुहा नगरपालिकाको आ.व.०७८।७९ को बजेट यस लम्कीचुहा नगरपालिकाको गरिमामय आठौं नगरसभा अधवेशनमा प्रस्तुत गर्न पाउँदा मैले आफूलाई ठूलो हर्ष उल्लास गौरवान्वित भएको महसुस गरेकी छु ।

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पर्याप्त आन्तरिक स्रोतको खोजी गरी वन तथा वातावरणको संरक्षण गर्दै तीव्र सहरीकरण तथा बसाइसराइको उच्च चाप भएको यस नगरपालिकामा शिक्षा, स्वास्थ्य, सडक, पर्यटन, कृषि, यातायात, विद्युत, खानेपानी, ढल निकास, फोहरमैला व्यवस्थापन, सुशासन प्रवर्द्धन, संचार लगायतका पूर्वाधारहरुको एकीकृत विकास गरी नगरपालिकाको सुन्दर भविष्यलाई सार्थक तुल्याउन र नगरवासी जनतालाई सुखी र समृद्धि बनाउन हामी सबैको त्यत्तिकै दायित्व रहेको छ र हुनु पनि पर्दछ भने अर्कोतिर नगरपालिका क्षेत्र भित्रको अव्यवस्थित वसोवासलाई वस्ती व्यवस्थापन गर्नु नगरपालिकाको सामु ठूलो चुनौतिको विषय खडा भएको छ ।

कृषि क्षेत्रको विकास, विस्तार र वजारीकरणका प्रशस्त सम्भावनाका वावजुद समथर र उर्वर कृषियोग्य जमिन हुँदाहुँदै पनि सिचाईको पर्याप्त सुविधा विस्तार नभइसकेको अवस्थामा कृषि तथा पशुपालन व्यवसायको विकास र विस्तारलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकतालाई महशुस गर्दै कृषिलाई आधुनिकीकरण सहितको सामुहिक व्यवसायमुखी खेती प्रणालिको अवधारणा अघि सारिएको छ ।

सभा अध्यक्ष महोदय,

नेपालको सविधान,बिनियोजन बिधेयक २०७८ दिगो विकास,स्थानीय सरकार सन्चालन ऐन,स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, स्थानीय सरकारको नीति तथा कार्यत्रम, बजेटको प्रचलित सिद्धान्त, मूल्य एवम् मान्यताहरुलाई आत्मसाथ लाई अनुसरण गर्दै लम्कीचुहा नगरपालिकाको आ.व. ०७८।७९ को बजेट खाका तयार गरिएको छ । नेपालको संविधानमा उल्लिखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु, मौलिक हकहरु, राष्ट्रिय विकास एवम् दिगो विकासका लक्ष्य तथा सघीय सरकारको आ.व. ०७८।७९ को नीति,कार्यत्रम तथा बजेट, एवम् सुदुरपश्रिम प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को आठौ नगरसभा अधिवेशनवाट पारित गरिएको नीति तथा कार्यक्रमलाई समेत आधार मानी लम्कीचुहा नगरपालिकाको आवश्यकता र जनचाहना अनुरुप सहभागितात्मक तथा पारदर्शी विकास पद्धतिबाट यो बजेट तर्जुमा गरिएको छ ।

**आ.व. २०७८।०७९ को बजेट निर्माणका मुख्य उद्देश्यहरु**

- नागरिकहरुलाई स्वास्थ्य सुरक्षाको प्रत्याभुति गराउन कोराना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणमा विषेश पहल कदमी गर्ने ।
- पूर्वाधारहरुको विकास र विस्तार गर्ने,
- आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने,
- उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- नगरको पहिचान स्थापित हुने खालका गौरवका योजनाहरु निरन्तरता दिन,
- कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिककरण गर्ने,
- सुरक्षित, गुणस्तरिय पर्यटन सेवाको विस्तार गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा गुणस्तरीय सेवाको अभिवृद्धि गर्ने,
- आधुनिक र व्यवस्थित सहरीकरण गर्ने,
- सार्वजनिक सेवाको सुदृढिकरण गर्ने,
- लक्षित वर्गका मानिसहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने,
- वन तथा वातावरण संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- ग्रामिण अर्थतन्त्र सुदृढ गर्ने ।

**आ.व. २०७८।०७९को बजेटको उद्देश्य हासिल गर्न देहाय अनुसारका नीतिगत कार्यत्रमगत र प्रकृयागत प्राथमिकता निर्धारण गरिएको छ ।**

- आर्थिक विकास र गरिवी न्युनिकरणमा योगदान पुऱ्याउने,
- निजी सहकारी समुदायसँग सझेदारी गर्ने,
- राजश्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनको प्रभावकारीतामा वृद्धि गर्ने,
- जनसहभागित मार्फत स्थानीय स्रोत साधनको अधिकत्तम परिचालन गर्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तनअनुकुलन र न्युनिकरण,वातावरण सरक्षण,विपद व्यवस्थापनको माध्यमवाट दिगो विकासमा योगदान पुरयाउने,
- लम्कीचुहा नगर क्षेत्रका संस्कृतिहरुको संरक्षण र सम्वर्द्धन गर्ने,
- विगतमा सञ्चालनमा आएका अधुरा योजना पूरा गर्ने,
- न्यायिक समितिलाई प्रभावकारी बनाउने ।

**सम्मानित सभाध्यक्षज्यू,**

**अब म चालु** आ.व. २०७७।७८ को हालसम्मको यथार्थ आय व्यय एवं समिक्षा र आ.व. **२०७८।०७९** को अनुमानित आय व्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

आ.व. २०७७।७८ मा राजश्वको लक्ष्य रु **१४,७३,७०,३८०।०० ( चौध करोड त्रिहत्तर लाख सत्तरी हजार तिन सय असी )** रहेकोमा यस आर्थिक वर्षको हालसम्मको यथार्थ राजश्व विश्वव्यापी महामारीको रुपमा देखिएको कोरोना भाईरसले गर्दा देशभरी लकडाउन भएको हुँदा लक्ष्य अनुरुप संकलन हुन नसकी जम्मा रु. १०,८४,७५,०५२।३० ( दश करोड चौरासी लाख पचहत्तर हजार बाउन्न रुपैया सय बयानब्बे रुपैया तिस पैसा मात्र) रहेको छ जुन रकम कूल लक्ष्यको ७३.६० प्रतिशत हुने गर्दछ ।

कार्यालय सञ्चालन तथा प्रशासनिक चालु तथा विषयगत शाखाको चालु तर्फ बिनियोजित बजेट रु. **५५,४४,१७,८४७।०० ( पचपन्न करोड चौवालीस लाख सत्र हजार आठ सय सत्चालीस )** मध्ये हालसम्म **रु ३८,८३,८७,०७६।५१** ( अठ्तीस करोड त्रियासी लाख सतासी हजार छिहत्तर रुपैया एकाउन्न पैसा मात्र ) जसको **७०.०५** प्रतिशत खर्च भएको छ भने विकास तथा पूजीगत तर्फ बिनियोजित बजेट रु. **४९,९३,६४,५३८।०० ( उनान्पचास करोड त्रियानब्बे लाख चौसठ्ठी हजार पाँच सय अठ्तीस )** मध्ये हालसम्म रु **२३,९५,५६,५६५।०० ( तेइस करोड पन्चानब्बे लाख छप्पन्न हजार पाँच सय पैसठ्ठी )** भुक्तानी भएको भएको छ । जसको **४७.९७** प्रतिशत हुने गर्दछ । समग्रमा कूल बजेटको ५९.५८ प्रतिशत खर्च भएको देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७८।०७९ को बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आम्दानीका स्रोतहरुको अनुमान गरेकी छु ।

१. संघीय सरकारबाट प्राप्त सशर्त अनुदान वापत रु ३६,४६,००,०००।०० (अक्षरुपी छत्तीस करोड छयालीस लाख) ।

२. संघीय सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान वापत रु १९,५७,००,०००।०० (अक्षरुपी उन्नाइस करोड सन्ताउन्न लाख) ।

३. संघीय सरकारबाट वाँडफाँडबाट प्राप्त हुने राजश्व वापतको रकम रु १३,४७,०३,०००।०० (अक्षरुपी तेह्र करोड सत्चालीस लाख तिन हजार ) अनुमानित गरेकी छु ।

४. संघीय सरकारबाट प्राप्त विशेष अनुदान वापत रु २,४९,००,०००।०० (अक्षरुपी दुई करोड उनान्पचास लाख)

५. प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान वापत रु १,४५,०४,०००।०० (अक्षरुपी एक करोड पैतालीस लाख चार हजार ) ।

६. प्रदेश सरकारबाट वाँडफाँडबाट प्राप्त हुने राजश्व वापतको रकम रु १,१४,९५,०००।०० (अक्षरुपी एक करोड चौध लाख पन्चानब्बे हजार मात्र)

७. प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान वापत रु. ५०,००,०००।०० (अक्षेरुपी पचास लाख अनुमान गरेकी छु ।

८ प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान वापत रु ८३,३३,०००।०० (अक्षेरुपी त्रियासी लाख तेत्तीस हजार अनुमान गरेकी छु ।
९. विज्ञापन कर वापत रु ५,००,०००।०० (अक्षरुपी पाँच लाख) अनुमानित गरेकी छु ।
१०. घर जग्गा रजिष्ट्रेसन दस्तुर वापत रु ४,००,००,०००।०० (अक्षरुपी चार करोड ) अनुमानित गरेकी छु ।
११. नदिजन्य पदार्थको रोयल्टी वापत रु ५,००,००,०००।०० (अक्षरुपी पाँच करोड) अनुमानित गरेकी छु ।
१२. शहरी तथा शासकीय क्षमता विकास कार्यक्रम वापत रु ६,५०,००,०००। (छ करोड पचास लाख) अनुमानित गरेकी छु ।
१३. नगरपालिकाको अ.ल्या. रकम रु ५,००,००,०००।०० ( पाँच करोड ) अनुमानित गरेकी छु । र
१४. नगरपालिकाको आन्तरिक श्रोतबाट रु ११,८३,४६,०००। ( एघार करोड त्रियासी लाख छयालीस हजार ) अनुमानित गरी **जम्मा रु १,१०,२८,८१,०००।०० (अक्षरुपी एक अर्व दश करोड अठ्ठाईस लाख एकासी हजार रुपैया** अनुमानित गरेकी छु ।

**सभाध्यक्ष महोदय,** अब म लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ मा कार्यान्वयन हुने प्रस्तावित योजना कार्यक्रम तथा बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु । लम्कीचुहा नगरपालिकाको कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फको बजेट प्रस्तुत गर्दछु ।

## कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ :

| क.स.. | कार्यक्रम |
|---|---|
| १ | कर्मचारीको पारिश्रमिक तर्फ रु २,५०,००,०००। दुई करोड पचास लाख विनियोजन गरेकी छु । |
| २ | कर्मचारीको पोशाकका लागि रु ६,००,०००। छ लाख विनियोजन गरेकी छु । |
| ३ | कर्मचारीको महंगी भत्ताका लागि रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| ४ | कर्मचारीको बैठक भत्ताका लागि रु २,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| ५ | कर्मचारीको प्रोत्साहन तथा पुरस्कारका लागि रु ३,००,०००। तिन लाख विनियोजन गरेकी छु । |
| ६ | अन्य भत्ताका लागि रु ८,००,०००। आठ लाख विनियोजन गरेकी छु । |
| ७ | पदाधिकारीहरुको सेवा सुविधाका लागि रु १,२५,००,०००। एक करोड पच्चीस लाख विनियोजन गरेकी छु । |
| ८ | कर्मचारीको योगदानमा आधारित विमा कोष खर्चको लागि रु ४,००,०००। चार लाख विनियोजन गरेकी छु । |
| ९ | कर्मचारी कल्याण कोषको लागि रु ६,००,०००। छ लाख विनियोजन गरेकी छु । |
| १० | पानी तथा विजुलीका लागि रु १०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| ११ | संचार महसुलका लागि रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| १२ | कार्यालय प्रयोजनमा प्रयोग गरिने इन्धनका लागि रु ४०,००,०००। चालीस लाख विनियोजन गरेकी छु । |
| १३ | सवारी साधन मर्मत खर्चका लागि रु २०,००,०००। बिस लाख विनियोजन गरेकी छु । |
| १४ | सवारी साधनहरुको विमा तथा नविकरणका लागि रु ८,००,०००। आठ लाख विनियोजन गरेकी |

| | |
|---|---|
| | छु । |
| १५ | अन्य सम्पत्तिहरुको सञ्चालन तथा संभार खर्चका लागि रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| १६ | मसलन्द तथा कार्यालय सामाग्रीका लागि रु ३०,००,०००। तिस लाख विनियोजन गरेकी छु । |
| १७ | इन्धन (अन्य प्रयोजन) का लागि रु १,००,०००। एक लाख विनियोजन गरेकी छु । |
| १८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चका लागि रु २०,००,०००। बिस लाख विनियोजन गरेकी छु । |
| १९ | अन्य कार्यालय संचालन खर्चका लागि रु ८,००,०००। आठ लाख विनियोजन गरेकी छु । |
| २० | सेवा र परामर्श खर्चका लागि रु १०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| २१ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्चका लागि रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| २२ | करार सेवा शुल्कका लागि रु १,७०,००,०००। एक करोड सत्तरी लाख विनियोजन गरेकी छु । |
| २३ | भुमिहिन, दलित, सुकुम्वासी, अव्यवस्थित बसोबासहरुको विवरण र तथ्यांक संकलन इकाईमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकका लागि रु ९५,००,०००। पञ्चानब्बे लाख विनियोजन गरेकी छु । |
| २४ | कर्मचारी तालिम खर्चका लागि रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| २५ | कार्यक्रम खर्चका लागि रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| २६ | भैपरी आउने विभिन्न कार्यक्रम तथा चालु खर्चका लागि रु १२,००,०००। बाह्र लाख विनियोजन गरेकी छु । |
| २७ | अनुगमन, मूल्यांकन खर्चका लागि रु १२,००,०००। बाह्र लाख विनियोजन गरेकी छु । |
| २८ | भ्रमण खर्चका लागि रु ५०,००,०००। पचास लाख विनियोजन गरेकी छु । |
| २९ | पदाधिकारीहरुको अवलोकन भ्रमणका लागि रु २०,००,०००। बिस लाख विनियोजन गरेकी छु । |
| ३० | विविध खर्चका लागि रु २५,००,०००। पच्चीस लाख विनियोजन गरेकी छु । |
| ३१ | सभा सञ्चालन खर्चका लागि रु १०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| ३२ | अन्य सामाजिक सहायताका लागि रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| ३३ | घरभाडाका लागि रु ७,००,०००। सात लाख विनियोजन गरेकी छु । |
| ३४ | सवारी साधन तथा मेशिनरी औजार भाडा वापत रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| ३५ | सवारी साधन खरिदका लागि रु ३०,००,०००। तिस लाख विनियोजन गरेकी छु । |
| ३६ | मेसिनरी तथा औजार खरिदका लागि रु ८,००,०००। आठ लाख विनियोजन गरेकी छु । |
| ३७ | फर्निचर तथा फिक्चर्सका लागि रु ७०,००,०००। सत्तरी लाख विनियोजन गरेकी छु । |
| ३८ | अनुसन्धान तथा विकास सम्बन्धी खर्चका लागि रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| ३९ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्चका लागि रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| ४० | भैपरी आउने विभिन्न निर्माण तथा पुँजीगत खर्चका लागि रु ४०,००,०००। चालिस लाख विनियोजन गरेकी छु । |
| ४१ | विकाश संग सञ्चारकर्मि कार्यक्रमका लागि रु २०,००,०००। विस लाख विनियोजन गरेकी छु । |

| | |
|---|---|
| | **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ जम्मा रु १२,२०,००,०००। बाह्र करोड बिस लाख मात्र विनियोजन गरेकी छु। जसमा कुल बजेटको ११.०६प्रतिशत हुन्छ।** |

**सभाध्यक्ष महोदय** अब म आर्थिक विकास तर्फ विषयगत क्षेत्रहरुका योजना कार्यक्रम तथा बजेट यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## कृषित तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १ | कृषि व्यवसायलाई उन्नत तथा व्यवसायमुखी बनाउनका लागि कृषक खाद्यन्न बाली विकास कार्यक्रममा (धान, गहु, मकै, चैते धान) मा ५० प्रतिशत अनुदानका लागि रु. ५०,००,०००। पचास लाख विनियोजन गरेकी छु। |
| २ | किसानहरुलाई तरकारी खेतिमा प्रोत्साहन गर्नका लागि आलु बाली विकास कार्यक्रम अनुदानका लागि रु.१०,००,०००। दश लाख रुपैया विनियोजन गरेकी छु। |
| ३ | लसुन खेति अनुदान कार्यक्रमका लागि रु.५,००,०००। पाच लाख बजेट विनियोजन गरेकी छु। |
| ४ | खुर्सानि खेति अनुदान कार्यक्रमका लागि रु. २,५०,०००। दुई लाख पचास हजार रकम विनियोजन गरेकी छु। |
| ५ | प्याज खेति उत्पादनलाई प्रोत्साहन गर्नका लागि रु.५,००,०००। पाँच लाख रुपैया अनुदान कार्यक्रमका लागि विनियोजन गरेकी छु। |
| ६ | च्याउको विउ उत्पादन अनुदान कार्यक्रमका लागि रु.५,००,०००। पाँच लाख रकम विनियोजन गरेकी छु। |
| ७ | प्लाष्टिक टनेल निर्माण कार्यक्रमका लागि रु. १५,००,०००। पन्ध लाख विनियोजन गरेकी छु। |
| ८ | कृषि क्षेत्रका कार्यक्रमहरुको प्रचार प्रसार गर्नका लागि रेडियो तथा जनचेतनामुलक कृषि कार्यक्रमका लागि रु. ५०,०००। पचास हजार विनियोजन गरेकी छु |
| ९ | कृषक अवलोकन भ्रमण कार्यक्रमका लागि रु.२,५०,०००।०० दुई लाख पचास हजार विनियोजन गरेकी छु। |
| १० | कार्यालयको ईन्धन खर्चका लागि रु.१,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु। |

| | |
|---|---|
| ११ | कृषि कार्यक्रमको अनुगमन मुल्यांकन खर्चका लागि रु.२,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| १२ | कृषि शाखाको लागि संचार मसलन्द तथा कार्यालय सञ्चालनका लागि १,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु । |
| १३ | शाखाको विविध खर्च कार्यक्रमका लागि १,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु । |
| १४ | कर्मचारी क्षमता अभिवृद्धि तालीमका लागि २,००,०००। दुई लाख विजियोजित गरेकी छु । |
| १५ | कृषि क्षेत्रका कार्यक्रमलाई प्रभावकारी बनाउन तिन जना कृषि प्राविधिकको लागि तलब भत्ताका लागि रु.१०,३६,०००। दश लाख छत्तिस लाख विनियोजित गरेकी छु । |
| १६ | लम्की, चुहा र प्रतापपुर गरी तिन ठाँउमा कृषि हाट बजार निर्माणका लागि रु. १०,००,०००। दश लाख विनियोजन गरेकी छु । (वडा सिलिङबाट शहरी शासकिय क्षमता विकास पुर्वाधार साझेद्धारी) |
| १७ | कृषक सम्मान,दिवस व्यवस्थापन तथा विभिन्न मेला महोत्सवमा कृषि प्रदर्शन कार्यक्रमका लागि १,००,०००। एक लाख विनियोजन गरेकी छु । |
| १८ | बाली कटानि कार्यक्रम (विभिन्न बालिको उत्पादन पत्ता लगाउन) का लागि ५०,०००। पचास हजार विनियोजन गरेकी छु । |
| १९ | आर्थिक विकास समिति अर्न्तगत कार्यक्रम कार्यान्वयन समितिको बैठक भत्ताका लागि २,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| २० | ड्रागन तथा स्ट्रबेरी फल खेति विस्तार तथा सुरुवाति अनुदान कार्यक्रमका लागि ४,००,०००। चार लाख विनियोजन गरेकी छु । |
| २१ | मुङ खेति विस्तार तथा विउमा अनुदान कार्यक्रमका लागि ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| २२ | कृषि उत्पादनलाई बजार पर्बद्धन गर्न किसान बहुउद्देश्यीय सहकारी संस्थासंग साझेद्धारी गर्ने कार्यक्रमका लागि रु.३०,००,०००। तीस लाख विनियोजन गरेकी छु । |
| २३ | कृषि उत्पादनलाई व्यवसायीकरण गर्न सिंचाई बोरीङ अनुदान कार्यक्रमका लागि रु.३०,००,०००। तीस लाख विनियोजन गरेकी छु । |

| | |
|---|---|
| २४ | एक बन एक उत्पादन क्षेत्र अर्न्तगत बाँझो जमिनमा कागति तथा लिच्ची खेति संचालन गर्न प्रधानमन्त्री रोजगार साझेद्धारी कार्यक्रमका लागि रु.१०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| २५ | लघु उद्यमी, साना उद्योग, घरेलु तथा कुटिर उद्योग, कृषि तथा पशुपालन एवं साना व्यवसाय संचालन गर्न विपन्न नागरिकलाई प्रोत्साहन स्वरुप बैंक तथा वित्तिय सहकारी संघ संस्थाहरुसंग साझेदारी गरी सहुलियत कर्जा ५ प्रतिशत व्याज अनुदान कार्यक्रमका लागि रु.६०,००,०००। साठी लाख विनियोजन गरेकी छु । |
| २६ | फलफुल व्यावसयिक कृषकहरुलाई ५ दिने तालीम (कटिङ, बडिङ, इनार्चीङ) संचालनका लागि रु.३,००,०००। तीन लाख विनियोजन गरेकी छु । |
| २७ | विपन्न वर्गका लक्षित समुदायका नागरिकहरुलाई प्रोत्साहन गर्न सहकारी साझेदारी कार्यक्रम मार्फत सुपथ खाद्यन्न पसल सञ्चालन गर्न ४०,००,०००। चालिस लाख विनियोजन गरेकी छु । |
| २८ | नर्शरी उत्पादनका लागि रु.१०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| २९ | आई पि.एम कृषक पाठशाला संचालनका लागि रु.५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| ३० | कृषि शाखाको विविध कार्यक्रम खर्चका लागि रु.३,००,०००। तीन लाख रुपैंया विनियोजन गरेकी छु । |
| ३१ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलव भत्ताका लागि रु ४,००,०००। चार लाख विनियोजन गरेकी छु । |
| ३२ | किसान सुचिकरण कार्यक्रमको लागि रु ३,००,०००। तिन लाख विनियोजन गरेकी छुँ । |
| ३३ | कृषि, पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमको लागि रु १,००,००० एक लाख विनियोजन गरेकी छु । |
| ३४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत आ.व. २०७७०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायीक कृषि उत्पादन केन्द्र ( पकेट ) विकास कार्यक्रम निरन्तरताका लागि रु १२,००,०००। बाह्र लाख विनियोजन गरेकी छुँ । |
| ३५ | आ.व. २०७७०७८ मा स्थापना भएको बंगुरको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि रु ६,००,०००। छ लाख विनियोजन गरेकी छुँ । |
| ३६ | गहुँ बालिको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनका लागि रु १२,००,०००। बाह्र लाख विनियोजन गरेकी छुँ । |
| ३७ | नयाँ कृषि अभियान सहकारी संस्था लि.लाई संस्थागत अनुदानका लागि रु.५,००,०००। पाच लाख रुपैंया विनियोजन गरेकी छु । |

| |
|---|
| **कृषि क्षेत्रका कार्यक्रमहरु संचालन गर्न जम्मा रु ३,७०,८६,०००। तिन करोड सत्तरी लाख छयासी हजार विनियोजन गरेकी छु ।** |

## सहकारी तर्फका योजना कार्यक्रमहरु

| क्र.सं. | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १ | अन्नपुर्ण बचत तथा ऋण सहकारी संस्था लि.लाई भवन निर्माणका लागि नगरपालिकाबाट रु. ५,००,०००। पाच लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. १०,००,०००। दश लाख म्याचिङ हुने गरी रु. १५,००,०००। पन्ध्र लाख विनियोजित गेरकी छु । |
| २ | बलचौर जैविक विविधताबचत तथा ऋण सहकारी संस्था लि.लाई संस्थागत अनुदानका लागि रु. ५,००,०००। पाच लाख विनियोजित गेरकी छु । |
| ३ | नागवंशी बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय संचालन तथा व्यवस्थापन अनुदानका लागि रु २,००,०००। दुई लाख रकम विनियोजित गरेकी छु । |
| ४ | हमार बचत तथा ऋण सहकारी संस्था लि. संस्थागत अनुदानका लागि रु २,००,०००। दुई लाख रकम विनियोजित गरेकी छु । |
| ५ | महिला विकास कृषि सहकारी संस्था लि.को सभाहल निर्माणका लागि नं.पा. बाट रु ५,००,०००। पाँच लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. ८,००,०००। आठ लाख गरी जम्मा रु. १३,००,०००। तेह्र लाख रकम विनियोजित गरेकी छु । |
| ६ | संयुक्त दलित अभियान कृषि सहकारी संस्था लिको घेरा पर्खाल निर्माणका लागि नं.पा. बाट ५,००,०००। पाच लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. १०,००,०००। दश लाख म्याचिङ हुने गरी रु. १५,००,०००। पन्ध्र लाख विनियोजित गेरकी छु । |
| ७ | पशुपति महिला बचत तथा ऋण सहकारी संस्था लिको भवन निर्माणका लागि नं.पा. बाट ३,००,०००। तीन लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. ७,००,०००। सात लाख म्याचिङ हुने गरी रु. १०,००,०००। दश लाख विनियोजित गेरकी छु । |
| ८ | मष्टाबण्डाली ग्रामीण विद्युत सहकारी संस्था लि लम्कीचुहा नंपा. २ भल्काको अधुरो भवन निर्माणका लागि रु. ५,००,०००। पाच लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. १०,००,०००। दश लाख म्याचिङ हुने गरी रु. १५,००,०००। पन्ध्र लाख विनियोजित गेरकी छु । |
| ९ | साना किसान कृषि सहकारी संस्था भल्कालाई तालिम हल निर्माणका लागि नं.पा. बाट रु २,००,०००। दुई लाख र सहरी विकास तथा शासकीय क्षमता विकास कार्यक्रमबाट रु. ३,००,०००। तीन लाख गरी जम्मा रु. ५,००,०००। पाच लाख रकम विनियोजित गरेकी छु । |
| **सहकारी तर्फ जम्मा ८२,००,०००। बयासी लाख रुपैंया विनियोजन गरेकी छु ।** | |

## पशुपंक्षी तर्फका कार्यक्रमहरु

| क्र.स. | कार्यक्रमको नाम |
|---|---|
| १ | पशु सेवाका विविध कार्यक्रम खर्चका लागि रु. २५,००,०००। पच्चिस लाख विनियोजन गरेकी छु । |

| | |
|---|---|
| २ | ईपिडेमियोलोजि रिर्पोटिङ्गका लागि रु ६,०००। छ हजार विनियोजन गरेकी छु । |
| ३ | कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि रु २,५०,०००। दुई लाख पचास हजार विनियोजन गरेकी छु । |
| ४ | पशु आहारा मिसन कार्यक्रम सञ्चालनका लागि रु ४,४४,०००। चार लाख चवालीस हजार विनियोजन गरेकी छु । |
| **पशुपंक्षी तर्फ जम्मा रु. ३२,००,०००। बत्तिस लाख रुपैंया विनियोजन गरेकी छु ।** | |

## पर्यटन तर्फका कार्यक्रमहरु

| क.स. | कार्यक्रमको नाम |
|---|---|
| १ | मोहनलाल नगर उद्यान निर्माण पर्यटन पुर्वाधार साझेद्धारी कार्यक्रमका लागि रुं २,५५,००,०००। दुई करोड पचपन्न लाख विनियोजन गरेकी छु । |
| २ | चिसापानी पर्यटन सूचना केन्द्र निर्माणका लागि रु.७,००,०००। सात लाख विनियोजन गरेकी छु । |
| ३ | मोहनलाल सामुदायिक वन पर्यावरणिय जैविक पार्क निर्माणका लागि रु.१०,००,०००। दश लाख विनियोजन गरेकी छु । |
| ४ | बघौरा नमुना गाउँ विकास कार्यक्रमका लागि रु.५,००,०००। पाच लाख रकम विनियोजन गरेकी छु |
| **पर्यटन तर्फ जम्मा रु. २,७७,००,०००। दुई करोड सत्हत्तर लाख विनियोजन गरेकी छु ।** | |

## वन तथा वातावरण

| क.स. | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १ | सामुदायिक वन क्षेत्रमा फलफुल तथा जडिबुटी खेति संचालन गर्न तथा सडक किनारामा वृक्षारोपण गर्नका लागि सहकारी साझेदारी कार्यक्रमका लागि रु. १०,००,०००। दश लाख विनियोजित गरेकी छु । |
| **वन तथा वातावरण तर्फ जम्मा रु. १०,००,०००। दश लाख विनियोजन गरेकी छु ।** | |

## भुमि व्यवस्था

| क.स. | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १ | भुमि सम्बन्धी समस्या समाधान आयोग लम्कीचुहा नगर ईकाइका विविध कार्यक्रम संचालन तथा कार्यालय व्यस्थापनका लागि रुं १०,००,०००। दश लाख विनियोजित गरेकी छु । |
| **भुमि व्यवस्था तर्फ जम्मा रु. १०,००,०००। दश लाख विनियोजन गरेकी छु ।** | |

**सभाध्यक्ष महोदय,** आर्थिक विकास विषयगत क्षेत्र तर्फ जम्मा रु.७,८१,८६०००। सात करोड एकासी लाख छयासी हजार विनियोजन गरेकी छु । जसमा कुल बजेटको ७.०९ प्रतिशत रहेको छ ।

## २. सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद तर्फका कार्यक्रमहरु

| क.स. | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १. | लम्कीचुहा नगर क्षेत्र भित्र आधारभूत तह सम्मको सामुदायिक विद्यालयहरुमा निःशुल्क पठनपाठनको व्यवस्था गर्नका लागि प्राथमिक तहमा कार्यरत प्रति शिक्षकहरुको मासिक रु. १५,५०० र नि.मा.वि. तहमा कार्यरत शिक्षकहरुको मासिक रु. १७,००० का दरले निजिस्रोतमा कार्यरत शिक्षकहरुको व्यवस्थापन तथा विद्यालयहरुलाई एकमुष्ट शिक्षण अनुदानका लागि रु. २,६४,५५,०००। दुई करोड चौसठ्ठी लाख पच्पन्न हजार विनियोजन गरेकी छु । |
| २. | नगर क्षेत्रभित्रका १०४ जना बालविकास सहयोग कार्यकर्ताहरुलाई बार्षिक एकानब्बे हजारका दरले र विद्याल कर्मचारीहरुलाई संघिय अनुदान समेत मासिक न्यूनतम १५ हजार तलवी अनुदान स्वरूप रु. २,०३,२२,०००। दुई करोड तिन लाख बाइस हजार विनियोजन गरेकी छु । |
| ३. | सामुदायिक विद्यालय सरसफाई अनुदानका लागि रु. १०,८०,०००। दश लाख असि हजार विनियोजन गरेकी छु |
| ४. | नगर प्रमुख छात्रवृत्ति कार्यक्रमका लागि रु.१०,००,०००। दश लाख रकम विनियोजन गरेकी छु । |
| ५. | SEE मा A+ ल्याएका विध्यार्थीलाई पुरस्कृत कार्यक्रमका लागि रु.५०,०००। पचास हजार वनियोजन गरेकी छु । |
| ६. | आधारभूत तह परिक्षा संचालनका लागि रु.५,००,०००। पाच लाख विनियोजन गरेकी छु । |
| ७. | नगर शिक्षा तथा शैक्षिक व्यवस्थापन उपसमिति बैठक तथा खाजा रु. १,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु । |
| ८. | नगर साक्षरता संचालन कार्यक्रम र साक्षर नगर घोषणा कार्यकमका लागि रु.७,००,०००। सात लाख विनियोजन गरेकी छु । |
| ९. | बार्षिक शैक्षिक कार्यपात्रो निर्माणका लागि रु. ७५,०००। पचहत्तर हजार विनियोजन गरेकी छु । |
| १०. | अनुगमन निरीक्षण तथा मुल्यांकनका लागि रु. १,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु । |

| | |
|---|---|
| ११. | संचार महसुल तथा कार्यालय संचालनका लागि रु. १,५०,०००। एक लाख पचास हजार विनियोजन गरेकी छु । |
| १२. | लम्की बहुमुखी क्याम्पस एकमुष्ट शिक्षण अनुदानका लागि रु २० ,००,०००। विस लाख.विनियोजन गरेकी छु । |
| १३. | प्र.अ. बैठक व्यवस्थापन खर्च सामुदायिक र संस्थागतका लागि रु. २,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| १४. | स्थानीय पाठ्यक्र निर्माण तथा प्रबोधिकरणका लागि रु.२,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| १५ | विद्यालयका प्र.अ. लेखापाल लाई IEMIS तालिमका लागि रु. ३,५०,०००। तिन लाख पचास हजार विनियोजित गरेकी छु । |
| १६ | बालविकास सहजकर्तालाई तालिमका लागि रु. ५,००,०००। पाच लाख विनियोजन गरेकी छु । |
| १७ | प्रधानध्यापक नमुना कक्षा शिक्षण कार्यक्रमका लागि रु. २,००,००० दुई लाख विनियोजन गरेकी छु । |
| १८ | ज्ञानकुन्ज सामुदायिक सिकाई केन्द्र संचालन पदाधिकारी समुह भिजिट कार्यक्रमका लागि रु. १,५०,०००। एक लाख पचास हजार विनियोजित गरेकी छु । |
| १९ | [redacted] विद्यालयमा योग शिक्षकका लागि रु. ३,००,०००। तिन लाख विनियोजन गरेकी छु । |
| २० | बालकल्याण मा.वि भुरुवा.प्रोत्साहन अनुदानका लागि रु.१२,००,०००। बाह्र लाख विनियोजन गरेकी छु । |
| २१ | एम वि वि एस अध्ययन गर्न चाहने उत्कृष्ट छात्र/छात्राहरुलाई किसान बहुउद्देश्यीय सहकारी संस्था साझेदारी छात्रवृत्ति अनुदान (कार्यविधि निर्माण गरी) कार्यक्रमका लागि २०,००,०००। बीस लाख विनियोजित गरेकी छु । |
| २२ | दश वर्षे शैक्षिक रणनिति निर्माणका लागि रु.२,५०,०००। दुई लाख पचास हजार विनियोजित गरेकी छु । |
| २३ | लम्कीचुहा नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी संख्यालाई आधार मानी भवन भवन निर्माण, घेरा पर्खाल निर्माण, गेट निर्माण, फर्निचर निर्माण, रंग रोदन, मर्मत सम्भार,शौचालय निर्माण, बाल उद्यान निर्माण तथा विद्यालय परिसर वृक्षारोपणका गर्नका लागि नं.पा. बाट १,५०,००,०००। एक करोड पचास लाख र सहरी तथा शासकीय क्षमता विकास कार्यक्रमको म्याचिङ रु ६,५०,००,०००। गरी जम्मा रु. ८,००,००,०००। आठ करोड रकम विनियोजन गरेकी छु |
| २४ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदानका लागि शर्सत अनुदान तर्फ रु २,०२,७४,०००। रु.दुई करोड दुई लाख चौरहत्तर हजार रुपैया विनियोजन गरेकी छु । |
| २५ | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) शर्सत अनुदान तर्फ रु ७,९२,००,०००।अक्षेरुपी सात करोड बयानब्बे लाख रकम विनियोजन गरेकी छु । |
| २६ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान शर्सत अनुदान तर्फ रु ७२,२०,०००। बहत्तर लाख विस हजार रुपैया विनियोजन गरेकी छु । |
| २७ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको परिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान शर्सत अनुदान तर्फ रु १,३८,५८,०००। एक करोड अठ्तीस लाख अन्ठाउन्न हजार रकम विनियोजन गरेकी छु । |
| २८ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) शर्सत अनुदान तर्फ रु ३,५३,००,०००। तिन करोड त्रिपन्न लाख विनियोजन गरेकी छु । |
| २९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन शर्सत अनुदान रु २८,७९०००। अठठाईस लाख उनासि हजार |

| | |
|---|---|
| | विनियोजन गरेकी छु । |
| ३० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन शर्सत अनुदान रु २,१७,६९,०००। दुई करोड सत्र लाख उनन्सत्तरी हजार विनियोजन गरेकी छु । |
| ३१ | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) शर्सत अनुदान रु ६०००००। छ लाख विनियोजन गरेकी छु । |
| ३२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शर्सत अनुदानमा रु ५५,१९,०००। पचपन्न लाख उन्नाईस हजार विनियोजन गरेकी छु । |
| ३३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तक शर्सत अनुदानका लागि रु १,०६,४७,०००। एक करोड छ लाख सत्तचालिस हजार विनियोजन गरेकी छु । |
| ३४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) शर्सत अनुदान रु ३६,२७,०००। छत्तिस लाख सत्ताईस हजार विनियोजन गरेकी छु । |
| ३५ | माध्यमिक तह कक्षा ९-१० मा अंग्रजी,गणित, विज्ञान विषयमा शिक्षण सहयोग शर्सत अनुदानका लागि रु ९०,६९,०००। नब्बे लाख उनान्सत्तरी हजार विनियोजन गरेकी छु । |
| ३६ | आधारभुत तह कक्षा ६-८ मा अंग्रजी,गणित, विज्ञान विषयमा शिक्षण सहयोग शर्सत अनुदानका लागि रु ३,३८,०००। तिन लाख अठ्तिस हजार रकम विनियोजन गरेकी छु । |
| ३७ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम शर्सत अनुदानमा रु ५०००००। पाच लाख विनियोजन गरेकी छु । |
| ३८ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोरन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव ब्यबस्थापन शर्सत अनुदान तर्फ रु ७०,००,०००। रु सत्तरी लाख रकम विनियोजन गरेकी छु । |
| ३९ | तराई मधेश संवृद्धि कार्यक्रम अन्तर्गत कर्णाली मा.वि. चिसापानिमा ८ कोठे भवन निर्माणका लागि रु ३५,००,०००। पैतिस लाख विनियोजन गरेकी छु । |
| ४१ | संघीय विशेष अनुदान अर्न्तगत ५ ओटा विद्यालय भवन निर्माण शैक्षिक सुधार कार्यक्रम योजनालाई नगर शिक्षा समितिको बैठकबाट निर्णय गर्ने गरी रु २,४९,००,०००। दुई करोड उनान्पचास लाख विनियोजन गरेकी छु । |
| **शिक्षा तर्फ जम्मा रु.३८,४१, ८२०००। अठ्तिस करोड एकचालिस लाख बयासी हजार विनियोजन गरेकी छु ।** | |

## स्वास्थ्य तर्फका कार्यक्रमहरु

| क्र.सं | योजना कार्यक्रम तथा बजेट |
|---|---|
| १ | अर्धबार्षिक तथा बार्षिक समिक्षाका लागि रु.५०,०००। पचास हजार विनियोजित गरेकी छु । |
| २ | ईन्धन संचार ईन्टरनेट र कलर प्रिन्टर ल्यापटपमा रु.१,५०,०००। एक लाख पचास हजार रुपैया विनियोजित गरेकी छु । |
| ३ | एच आई.भि. नियन्त्रण कार्यक्रमको एआरटि कर्नर सञ्चालन तथा एचआईभि संक्रमणलाई पोषण खर्चका लागि रु.८,००,०००। आठ लाख रुपैया विनियोजन गरेकी छु । |
| ४ | औषधी औजार उपकरण तथा डमी खरिद गर्नका लागि रु. ५०,०००। पचास हजार विनियोजन गरेकी छु । |
| ५ | औषधी तथा अन्य सामग्री ढुवानि गर्न रु.५०,०००। पचास हजार विनियोजन गरेकी छु । |

| | |
|---|---|
| ६ | खोपकर्मीहरुको लागि सहयोगी सामग्री तथा औजार उपकरण गर्न रु.७०,०००। सत्तरी हजार विनियोजन गरेकी छु । |
| ७ | नाईट भत्ता खाजा तथा जोखिम खर्चका लागि रु.३,२९,०००। तीन लाख उनान्तीस हजार रुपैंया विनियोजन गरेकी छु । |
| ८ | प्रसुति सेवा केन्द्रमा अ.न.मि करार २ जनाको पारिश्रमिकका लागि रु.७,४४,०००। सात लाख चौवालिस हजार विनियोजन गरेकी छु । |
| ९ | प्रसुति सेवा केन्द्रमा स्वीपर करार २ जनाको पारिश्रमिकका लागि रु.५,५९,०००। पाच लाख उनान्साठी हजार विनियोजन गरेकी छु । |
| १० | कर्मचारीको पोशाक भत्ताका लागि रु.७०,०००। सत्तरी हजार विनियोजन गरेकी छु । |
| ११ | महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन स्वरुप यातायात तथा खाजा खर्च वापत रु.११,४७,०००। एघार लाख सच्चालिस हजार विनियोजन गरेकी छु । |
| १२ | विविध खर्च वापत रु.५०,०००। पचास हजार विनियोजन गरेकी छु । |
| १३ | स्वास्थ्य चौकिमा एक जना का.स. करार पारिश्रमिकका लागि रु.२,७९,०००। दुई लाख उनासी हजार विनियोजन गरेकी छु । |
| १४ | स्वास्थ्य चौकिमा ल्याव असिस्टेण्ट दुई जना कर्मचारीको पारिश्रमिक रु ७,४४,०००। सात लाख चौवालिस हजार आठ सय साठी विनियोजन गरेकी छु |
| १५ | स्वास्थ्य शाखा सञ्चालन तथा उपकरण मर्मतका लागि रु.५०,०००। पचास हजार विनियोजन गरेकी छु। |
| १६ | फिल्ड कर्मचारीको लागि मोवाईल तथा रिचार्ज खर्च रु.२५,०००। पच्चिस हजार विनियोजन गरेकी छु । |
| १७ | महिला स्वास्थ्य स्वयंसेविका लाई अर्धबार्षिक खर्च रु.१,३०,०००। एक लाख तीस हजार विनियोजन गरेकी छु । |
| १८ | प्रतापपुर स्वास्थ्य चौकी पसुति गृहको तला थप तथा घेरपर्खाल निर्माण एवम् भवन मर्मत सम्भारका लागि रु.१२,००,०००। बाह्र लाख विनियोजन गरेकी छु (बाकी बजेट शहरी शासकिय क्षमता पुर्वाधार कार्यक्रममा वडा कार्यालयबाट लागत साझेद्धारी गर्नु पर्ने) |
| १९ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमका लागि रु. ६०,०००। साठी हजार विनियोजित गरेकी छु । |
| २० | कर्मचारीहरुको मासिक बैठक खर्च रु. १,००,०००। एक लाख विनियोजन गरेकी छु । |
| २१ | स्वास्थ्य संस्था व्यवस्थापन तथा मसलन्द खर्च रु.२,५०,०००। दुई लाख पचास हजार विनियोजन गरेकी छु । |
| २२ | पिपुल्स सामुदायिक अस्पताल संचालन अनुदानका लागि रु. १५,००,०००। पन्ध्र लाख विनियोजित गरेकी छु । |
| २३ | लम्कीचुहा नगरक्षेत्र भित्र रहेका जनयुद्ध तथा जनआन्दोलनका घाईते अपांग, रातो कार्ड, निलो कार्ड प्राप्त अपांगता भएका नागरिक, बादी समुदायका नागरिक, सोनाह जातीलाई शत प्रतिशत निशुल्क र अन्य विपन्न, असहाय दलित, एकल महिला, बडघर भल्मन्सा र चौकीदार लगायतका लक्षित वर्गलाई ५० प्रतिशत अनुदानमा स्वास्थ्य बीमा कार्यक्रम गर्नका लागि आवश्यक कार्यविधि निर्माण गरी रु. ७३,८३,०००। त्रिहत्तर लाख त्रियासी हजार विनियोजित गरेकी छु । |
| २४ | लम्कीचुहा अस्पतालमा आईसु/भेन्टीलेटर संचालन सहितको स्तर उन्नति गर्न आवश्यक अनुदान लागि लागि रु. ३,००,००,०००। तीन करौंड रुपैंया विनियोजित गरेकी छु । |
| २५ | बहुक्षेत्रीय पोषण कार्यकम अन्तर्गत पोषण संवेदनशील (खानेपानी तथा सरसफाई ,कृषी, पशुसेवा, महीला तथा बालबालिका,शिक्षा र शासकीय प्रबन्ध) क्षेत्रका कार्यकमहरु संचालन) का लागी रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |



बजेट तथा कार्यक्रमको दफा २४ मा लम्कीचुहा न.पा. द्वारा संचालित अस्पताल

| | |
|---|---|
| २६ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालनका लागी रु ३,००,०००। तिन लाख विनियोजन गरेको छु । |
| २७ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम अन्तर्गत पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासीक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षाका लागी रु १,००,०००। एक लाख विनियोजन गरेकी छु । |
| २८ | परिवार कल्याण कार्यक्रम अन्तर्गत मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमका लागी रु ४०,०१,०००। चालीस लाख एक हजार विनियोजन गरेकी छु । |
| २९ | सिबिआईएमएनसिआई onsite कोचिंङ्ग र समता तथा पहुचँ कार्यक्रमका लागि रु २,००,०००। दुई लाख विनियोजन गरेकी छु । |
| ३० | पोषण कार्यक्रमका लागि रु ५,९३,०००। पाँच लाख तिरानब्बे हजार विनियोजन गरेकी छु । |
| ३१ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागी रु ३,४४,०००। तिन लाख चौवालीस हजार विनियोजन गरेकी छु । |
| ३२ | कोभिड १९ विरुद्ध खोप अभियान संचालन व्यवस्थापन खर्च पालिकास्तरिय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण का लागी रु २,०६,०००। दुई लाख छ हजार विनियोजन गरेकी छु । |
| ३३ | पालिका स्तरमा टाइफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टाइफाइड खोप शुरुवातको साथै नियमित खोप सुदढीकरण र सरसफाइ प्रवर्द्धनको लागी पालिका र वडा खोप समन्वय समिति र सरोकारवालाहरुको अभिमुखिकरण बैठक १ दिन का लागी रु ३,२७,०००। तिन लाख सत्ताइस हजार विनियोजन गरेकी छु । |
| ३४ | राष्ट्रिय स्वास्थ्य शिक्षा ,सुचना तथा संचार केन्द्र अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागी सामाजिक व्यवहार परिवर्तन कार्यक्रमका लागी रु १,००,०००। एक लाख विनियोजन गरेकी छु । |
| ३५ | क्षयरोग नियन्त्रण अन्तर्गत कम्युनिटि डटस कार्यक्रम कार्यक्रम संचालन ,स्थानिय तह क्षयरोग मुक्त पालीका सम्बन्धि कार्यक्रमका लागी रु १,२८,०००। एक लाख अठ्ठाइस हजार विनियोजन गरेकी छु । |
| ३६ | स्वास्थ्य संस्थामा आकस्मीक अवस्थामा औषधि एवं ल्याव सामाग्री ढुवानी ,रेकर्डिङ तथा रिपोटिङकालागी फर्म फरमेट छपाई तथा फोटोकपी ,ई.टि वि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रमका लागि रु ४५,०००। पैचालीस  हजार विनियोजन गरेकी छु । |
| ३७ | क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम ,घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण, समुदायमा क्षयरोगका विरामीहरुको खोजपडतालका लागी क्षमता अभिवृद्धि तथा परिचालनका लागी रु ९२,०००। बयानब्बे हजार विनियोजन गरेकी छु । |
| ३८ | स्थलगत अनुशिक्षण गरी स्वास्थ्यकर्मिहरुको क्षमता अधिवृधि एवं तथ्यांङकको गुणस्तर सुनिश्चित ,क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा उपचार नतिजाको कोहर्ट विश्लेषणका लागी रु ३५,०००। पैतिस हजार विनियोजन गरेकी छु । |
| ३९ | उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागी औषधी खरिदका लागी रु १५,००,०००। पन्ध्र लाख विनियोजन गरेकी छु । |
| ४० | उपचारात्मक सेवा अन्तर्गतका (आधारभुत स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी ) आधारभुत अस्पतालको न्युनतम सेवा मापदण्ड कार्यक्रमहरु संचालन तथा सुदृढीकरण र आँखा, नाक, कान, घांटी तथा मुख |

| | |
|---|---|
| | स्वास्थ्य सम्बन्धि अभिमुखीकरण तथा विद्यालय स्कीनिगं कार्यक्रम कार्यसंचालन निर्देशिकामा उल्लेख भए बमोजीम संचालन गर्ने) का लागी रु ५,००,०००। पाँच लाख विनियोजन गरेकी छु । |
| ४१ | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम अन्तर्गत राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम ( पोशाक प्रोत्साहन ,यातायात खर्च ,वार्षिक समिक्षा गोष्ठि र दिवस मनाउने खर्च समेत का लागी रु १६,००,०००। सोह्र लाख विनियोजन गरेकी छु । |
